**बैठक संख्या :**

आज मिति २०८०/०६/०७ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय निम्नानुसार छ ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री धन प्रसाद पोखेल |

विशेष ~~अन्य~~ उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | राष्ट्रिय सभा अध्यक्ष | श्री गणेश तिमिल्सिना |
| २ | | पूर्व सांसद माननीय | डा. सूर्य पाठक |
| ३ | | लेखा अधिकृत | श्री अर्जुन गौतम |
| ४ | | अधिकृत छैटौं | श्री भिमसेन पन्त |
| | | सहायक पाँचौं | श्री आकाश प्रसाद शर्मा |
| | | का. स. | श्री लाइनी श्रेष्ठ |

**प्रस्तावहरु**

१. गत कार्यपालिकाको बैठकको निर्णय समिक्षा सम्वन्धमा ।
२. ब्रजार भित्रका सडक विस्तार तथा व्यवस्थापनको लागि बजेट विनियोजन सम्वन्धमा ।
३. बागलुङ नगरपालिका वडा नं. ४ स्थित दावगरा बसपार्क सम्वन्धमा ।
४. बा.न.पा. वडा नं. २ को वडा कार्यालय भवन सम्वन्धमा ।
५. बागलुङ नगर अस्पतालको सेवाको गुणस्तर वृद्धी सम्वन्धमा ।
६. बा.न.पा. वडा नं. ६ स्थित सर्वसिद्धिधाम पञ्चकोटमा हुने अनन्त श्री ब्रह्माण्डीय महायज्ञ सम्वन्धमा ।
७. भुक्तानी दिन बाँकी आयोजनाहरुको भुक्तानी सम्वन्धमा ।
८. ग्रामिण सडकहरुमा रहेको अवरोध हटाई सडक सुचारु गर्ने सम्वन्धमा ।
९. मालढुंगा देखि ट्राफिक चोक सम्मको सडकलाई ४ लेनको सडक कायम गर्ने सम्वन्धमा ।
१०. बा.न.पा वडा नं. १० मा रहेको एक्लेसाल, गलुवाको पैह्रोको डिपिआर तयार गर्ने सम्वन्धमा ।
११. कार्यविधि पास गर्ने सम्वन्धमा ।
१२. ब्लु हिल पर्यटकीय क्षेत्रको विकास विस्तार तथा पूर्वाधार निर्माणको लागि माग गर्ने सम्वन्धमा ।
१३. बालमैत्री फोकल पर्सन तोक्ने सम्वन्धमा ।
१४. न्यायिक समितिको फैसला कार्यान्वयन सम्वन्धमा ।
१५. नगर प्रहरीको दरवन्दी सृजना गर्ने सम्वन्धमा ।
१६. विभागिय स्वीकृति सम्वन्धमा ।
१७. पूर्व वडा अध्यक्ष श्री गणेश थापा मगरलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।
१८. तलवी मापदण्ड सम्वन्धमा ।
१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट सम्वन्धमा ।
२०. अवैध उत्खनन भएको गिटी, वालुवाको लिलाम सम्वन्धमा ।
२१. डियुटी भत्ता सम्वन्धमा ।
२२. उद्यम विकास सहजकर्ताको सम्झौता सम्वन्धमा ।
२३. नेपाल नेत्र ज्योति संघमा प्रतिनिधी तोक्ने सम्वन्धमा ।
२४. नेपाल सरकारबाट मृगौला प्रत्यारोपण गरेका लगायतका विरामीहरुलाई उपलब्ध गराउने मासीक सुविधा संम्वन्धमा ।
२५. फोहर व्यवस्थापन सम्वन्धमा ।
२६. फोहरमैला संकलन तथा व्यवस्थापन कार्यमा खटिने कर्मचारीको दैनिक खाजा खर्च सम्वन्धमा ।
२७. सव-ईन्जिनियर पदको विज्ञापन सम्वन्धमा ।
२८. आर्थिक सहायता तथा कार्यक्रमको लागि बजेट विनियोजन सम्वन्धमा ।
२९. लागत साझेदारी तथा सहभागीता सम्वन्धमा ।
३०. विविध ।

**निणर्यहरु**

**निणर्य नं. १**

गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । सो बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

CamScanner

**निर्णय नं. २**
तेह्रौ नगरसभाको निर्णय बमोजिम स्वीकृत सडक मापदण्ड र सडक अधिकार क्षेत्रलाई वेवास्ता गरी नगरपालिकाबाट समेत स्वीकृत नलिई बनाईएका घर, टहरा, पर्खाल, ट्रस, छाना, रेलिङ, वाल जस्ता संरचना हटाएका तपशिल बमोजिमका सडकहरुको ल.ई. तयार गरी तेह्रौ नगरसभाद्धारा स्वीकृत नगरस्तरिय योजना तथा कार्यक्रम अन्तर्गत सि.नं. ३२ को **बजार भित्रका सडक विस्तार तथा व्यवस्थापन** शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | मरेपिपल देखी हस्पीटल चोक सम्म नालि तथा फुटपाथ व्यवस्थापन, वडा नं. १ र २ | ३,५००,०००।०० |

**निर्णय नं. ३**
बागलुङ नगरपालिका वडा नं. ४ स्थित दावगरा बसपार्कमा हाल सम्म भए गरेको कार्य प्रगतिको बारेमा नगरप्रमुख ज्युबाट कार्यपालिका सदस्यहरुलाई जानकारी गराउने कार्य सम्पन्न भयो । बसपार्क संचालनको लागि बाँकी रहेका कार्यहरुको शन्दर्भमा देहाय बमोजिम गर्ने गरी निर्णय गरियो ।

(क) बा.न.पा. वडा नं. ४ स्थित नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा संचालित दावगरा बसपार्क निर्माणको लागि यस कार्यालय र आषिश/फेवा निर्माण सेवा जे.भि. वीच भएको सम्झौता बमोजिम ल.ई. संशोधन नगरी निर्माण कार्य गरेको भनि माग गरेको रकम उक्त निर्माण कम्पनीलाई भुक्तानी नगर्ने र मर्मत सम्भार लगायत थुपारिएको माटो सम्याउनको लागि यस कार्यालयबाट गरिएको पत्राचार बमोजिमको कार्य सम्पन्न गरी धरौटी फिर्ताको लागि दिएको निवेदन सम्वन्धमा निजको DLP Period पुरा भएकोले सो निर्माण सेवाको धरौटी रकम फिर्ता दिने निर्णय गरियो ।

(ख) दावगरा बसपार्कको लागि स्थानीय जग्गा दाताबाट उपलब्ध गराएको ५९-१५-१-० रोपनी जग्गा मध्ये १७.५ रोपनी जग्गामा बसपार्क निर्माण भएको र बाँकी जग्गाको प्लान सहितको ले आउट गरी स्थानीय जग्गा दातालाई जग्गा फिर्ता गर्ने पूर्व शर्त बमोजिम दावगरा बसपार्क जग्गा व्यवस्थापन समितिलाई स्थानीय जग्गा दाताको जग्गा फिर्ताको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(ग) बागलुङ नगरपालिका वडा नं. ४ मा दावगरा बसपार्कको निर्माण कार्य गर्नका लागि यस कार्यालय र तिलक निर्माण सेवा वीच भएको संझौता बमोजिम उक्त निर्माण सेवाले फिल्डमा केहि काम गरी केही बाँकी रहेको हुँदा सो निर्माण सेवाको ठेक्का सम्वन्धमा आवश्यक प्रक्रिया पुरा गरी ठेक्का अन्त्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
बागलुङ नगरपालिका वडा नं. २ को वडा कार्यालय रहेको भवन कालिका भगवती गुठीको स्वामित्वमा रहेको र हाल बागलुङ नगरपालिका वडा नं. २ स्थित माझकोटमा रिड नामक संस्थाले कृषि तथा पशु सेवा संचालनको लागि भवन निर्माणको टेन्डर प्रकृया अगाडि बढाएको हुँदा उक्त भवन सम्पन्न भए पश्चात वडा कार्यालयको सेवा समेत नयाँ भवनबाट संचालन गर्ने निर्णय गरियो ।

CamScanner

निणर्य नं. ५

बागलुङ नगरपालिका वडा नं. १३ स्थित बागलुङ नगर अस्पतालको सेवाको गुणस्तर वृद्धी गरी व्यवस्थीत संचालनको लागि देहाय बमोजिमको कार्य गर्ने निर्णय गरियो ।

(क) नगर अस्पतालको न्युनतम सेवा मापदण्ड (MSS) को लागि आवश्यक उपकरण र सामाग्री जस्तै खानेपानी डिस्पेन्सर, डस्टविन, झाडु, पोछा, विरामी जाँच गर्ने स्टुल, टेवल कुर्ची, प्रेसर मेसीन लगायतका सामान्य मेसीन औजार) खरिद गर्नु पर्ने भएको हुँदा त्यस्ता सामाग्री खरिदको लागि नगर अस्पताल संचालक समितिको निर्णयानुसार खरिदको प्रकृया अगाडि बढाउने ।

(ख) नगर अस्पतालमा फार्मेसी सेवा सञ्चालनको लागि आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी एक वटा **फार्मेसी सहायकको दरवन्दी** सृजना गर्ने र पदपूर्तिको प्रकृया अगाडि बढाउने ।

(ग) बागलुङ फार्मेसी सहायकको तलव भत्ता र फार्मेसी (औषधी खरिद) को लागि रु २,०००,०००।- अक्षेरुपी वीस लाख रुपैया मात्र विनियोजन गर्ने ।

(घ) बागलुङ नगर अस्पतालबाट प्रदान गर्ने सेवाको शुल्क तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**A. SERVICE CHARGES**

| | |
|---|---|
| OPD ticket first time | NRs- 0,<br>NRs 15 after own Card |
| Opd ticket follow up | Nrs- 0<br>Nrs 5 after own Card |
| Emergency services | NRs- 50 |
| Electrocardiography (ECG) | NRs- 200 |
| Ultrasonography (USG) | NRs- 450 |
| Nebulization | NRs- 50/time |
| Oxygenation | NRs- 50/hr |
| Incision and Drainage (I & D) | NRs- 100-200 |
| Suturing | NRs- 200-300 |
| Dressing and Suture Out | NRs- 50 |
| Dressing | NRs- 50 |
| Ear syringing | NRs- 100 |
| Foreign body removal | NRs- 100 |

CamScanner

**B. LABORATORY SERVICE CHARGES**

| | |
|---|---|
| Hemoglobin(Hb) | NRs- 100 |
| Complete Blood Count(CBC) | NRs- 300 |
| Blood Grouping | NRs- 50 |
| Bleeding Time (BT) | NRs- 50 |
| Clotting Time (CT) | NRs- 50 |
| ESR | NRs- 50 |
| CRP | NRs- 200 |
| Random Blood Sugar (RBS) | NRs- 50 |
| Fasting Blood Sugar (FBS) | NRs- 50 |
| 2 hours PP Blood Sugar (PPBS) | NRs- 50 |
| Serum Urea | NRs- 150 |
| Serum Creatinine | NRs- 200 |
| Serum Uric Acid | NRs- 200 |
| Serum Bilirubin( Tot/D/ID) | NRs- 250 |
| Total cholesterol | NRs- 150 |
| Total triglycerides | NRs- 150 |
| Urine R/E | NRs- 75 |
| Stool R/E | NRs- 100 |
| Urine Pregnancy Test (UPT) | NRs- 50 |
| Widal Test<br>typhi O/H antigen<br>paratyphi O/H antigen | NRs- 200 |
| Serology<br>• HBsAg<br>• HCV<br>• VDRL | <br>NRs- 250<br>NRs- 250<br>NRs- 150 |
| RA factor | NRs- 200 |
| H.pylori Antibody | NRs- 400 |
| ANC Package<br>• (Blood grouping, Hb, HBsAg, HCV, VDRL, RBS, Urine R/E)<br>• USG | <br>NRs- 700<br>NRs- 300 |

**निणर्य नं. ६**

बागलुङ नगरपालिका वडा नं. ६ स्थित सर्वसिद्धिधाम पञ्चकोटमा यहि मिति २०८० फाल्गुन ९ गते देखी २३ गते सम्म अनन्तश्रीविभूषित मुक्तिनाथ पिठाधीश्वर स्वामी कमलनयनाचार्य श्रीजी महाराज (मुक्तिनाथबाबा) ज्यूको सत्संकल्पमा १५ दिवसीय अनन्त श्री ब्रह्माण्डीय महायज्ञ २०८० सम्पादन हुन गई रहेको उक्त महायज्ञ शुसम्पन्न गर्नका लागि_तपशिल बमोजिमको कार्य गर्ने निर्णय गरियो ।

(क) पञ्चकोट स्टेज निर्माणको लागि चालु आवको स्वीकृत योजना तथा कार्यक्रम किताबको अनुसुची ७, सि.नं. १ नगरस्तरिय पूर्वाधार योजनाहरु निर्माण शिर्षकबाट रु ५०,००,०००। अक्षेरुपी पचास लाख विनियोजन गर्ने ।

(ख) पञ्चकोट जाने सडक मर्मत गर्ने ।

(ग) पञ्चकोट महायज्ञलाई सहयोग गर्ने ।

(घ) महायज्ञको लागि आवश्यक प्रचार प्रशार गर्ने ।

**निणर्य नं. ७**

बागलुङ नगरपालिकाबाट संचालित विभिन्न आयोजनाहरुको कार्य सम्पन्न भै भुक्तानीको लागि पेश भएका वा भुक्तानी दिन बाँकी रहेका तपशिल बमोजिमका आयोजनाहरुको देहाय बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**(क) धारापानी देखी साँधखोला सम्मको सड्क पिच तथा स्तरोन्नती**

यस नगरपालिका वडा नं. ५ र ६ धारापानी देखी साँधखोला सम्मको सड्क पिच तथा स्तरोन्नती गर्ने कार्यका लागि यस कार्यालय र जुगल विल्डर्स कम्पनी प्रा.लि.वीच भएको सम्झौता बमोजिम फिल्डमा सम्पन्न कामको सम्वन्धींत प्राविधिकबाट नापजाँच गरी पेश हुन आएको प्रतिवेदनको आधारमा २०८० असार ३१ गतेका दिन बजेट अभावका कारण रु १०,५८,५२८। अक्षेरुपी दश लाख अन्ठाउन्न हजार पाँच सय अट्ठाईस भुक्तानी भएकोमा खुद मुल्याङ्कन रकम रु २०,४३,५६३।१० अक्षेरुपी बीस लाख त्रिचालिस हजार पाँच सय त्रिसठ्ठी रुपैया दश पैसा मध्ये भुक्तानी दिन बाँकी रहेको रकम जुगल विल्डर्स कम्पनी प्रा.लि. काठमान्डौलाई भुक्तानी दिई ठेक्का अन्त्य गर्ने निर्णय गरियो ।

**(ख) सडक बोर्ड कार्यक्रम अन्तर्गत संचालित सडक मर्मत सुधार सम्वन्धमा ।**

सडक बोर्ड कार्यक्रम अन्तर्गत यस नगरपालिका विभिन्न वडामा सडक मर्मत सुधार गर्ने कार्यका लागि यस कार्यालय र कालिका ईन्फास्ट्रक्चर प्रा.लि.वीच भएको सम्झौता बमोजिम उक्त प्रा.लि.ले फिल्डमा सम्पन्न गरेको कामको सम्वन्धित प्राविधिकबाट नाप जाँच एवं मुल्याङ्कन गरी मूल्याङ्कन बमोजिमको रकममा यस पूर्वको रनिङ विल र मोविलाईजेसन रकम कट्टी गरी बाँकी रहन आउने रकम कालिका ईन्फास्ट्रक्चर प्रा.लि.लाई भुक्तानी दिई ठेक्का अन्त्य गर्ने निर्णय गरियो ।

(ग) बा.न.पा. ४ स्थित बागलुङ वृद्धाश्रम निर्माणको लागि यस नगरपालिका र जुम्ली निर्माण सेवा वीच भएको सम्झौता बमोजिम फिल्डमा सम्पन्न कामको प्राविधिकबाट नाप जाँच गरी पेश हुन आएको प्रतिवेदनको आधारमा मुल्याङ्कन रकम रु ६,७०६,४४७।९० र बा.न.पा. ७ स्थित मुल्पानी स्वास्थ्य चौकी निर्माणको लागि यस नगरपालिका र जुम्ली निर्माण सेवा वीच भएको सम्झौता बमोजिम फिल्डमा सम्पन्न कामको प्राविधिकबाट नाप

CamScanner

जाँच गरी पेश हुन आएको प्रतिवेदनको आधारमा मुल्याङ्कन रकम रु ५,७५४,०७८।६६ जुम्ली निर्माण सेवा लाई भुक्तानी दिने निर्णय गरियो ।

(घ) यस नगरपालिका वडा नं. १,२,३ र ४ का विभिन्न चोक तथा सडकमा नक्सापासका लागि माटो परिक्षण गर्ने कार्यका लागि यस नगरपालिका र नारायणी ईन्जिनियरिङ कन्सल्टेन्ट एण्ड कन्ट्रक्सन प्रा.वि. वीच भएको सम्झौता बमोजिम फिल्डमा सम्पन्न कामको प्राविधिकबाट नाप जाँच गरी पेश हुन आएको प्रतिवेदनको आधारमा मुल्याङ्कन रकम रु ९९२,१६८। भुक्तानी दिने निर्णय गरियो ।

**निणर्य नं. ८**

मुख्य बर्षायाम सकिएको र चाडपर्व नजिकिएको हुँदा बर्षाको कारण बागलुङ नगरपालिकाका विभिन्न ग्रामिण सडकहरुमा रहेको अवरोध हटाई सडक सुचारु गर्नु पर्ने भएको हुँदा सम्पूर्ण वडाले आफ्नो वडा क्षेत्र भित्रका अवरोध भएका सडकको ल.ई., सम्झौता लगायतका प्रकृया पुरा गरी वडा स्तरिय योजना तथा कार्यक्रमबाट यथासम्भव छिटो सडक सुचारु गर्ने निर्णय गरियो ।

**निणर्य नं. ९**

बा.न.पा. वडा नं. १ मालढुंगा देखि ट्राफिक चोक सम्मको सडक पोखरा बागलुङ राजमार्ग अन्तर्गत रहेको हुँदा उक्त सडकमा मापदण्ड बमोजिम ४ लेनको सडक कायम हुने गरी कार्य प्रक्रिया अगाडि बढाई दिनका लागि सडक डिंभिजन कार्यालय लगायतका सम्बद्ध निकायमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निणर्य नं. १०**

बा.न.पा वडा नं. १० मा रहेको एक्लेसाल, गलुवाको पैह्रोको कारण बा.न.पा. वडा नं. १०, ११, १२, १३ र १४ का बासीन्दाहरु र जैमिनी नगरपालिकाका बासीन्दाहरु प्रभावित भएको हुँदा उक्त सडकमा गएको वृहत पैह्रो रोकथाम गरी दिर्घकालिन समाधानको लागि पूर्वाधार कार्यालय संग समन्वय गरी डिपिआर तयार गर्ने र सो को प्रभावकारी कार्यान्वयन गरि दिन सम्वन्धीत निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निणर्य नं. ११**

विधायन समिति मार्फत यस कार्यपालिकामा पेश हुन आएको तपशिल बमोजिमको कार्यविधिलाई पास गर्ने निर्णय गरियो ।

(क) बाग्लुङ नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी करार सुची निर्माण सम्वन्धी कार्यविधि २०८०

**निणर्य नं. १२**

बागलुङ नगरपालिका वडा नं. ९ स्थित ब्लु हिल पर्यटकीय क्षेत्रको विकास विस्तार तथा पूर्वाधार निर्माणको लागि हाल प्रदेश सरकारबाट प्राप्त बजेटको कार्य अगाडि बढाउदै नपुग रकम सम्बन्धित निकायमा माग गरी पठाउने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. १३**

बागलुङ नगरपालिकालाई बालमैत्री नगर घोषणाको लागि आवश्यक सूचक पुरा गरी समयमै घोषणाको लागि तयारी गर्न बागलुङ नगरपालिका कार्यालयका नगर शिक्षा अधिकारी (अधिकृत दशौं) श्री धन प्रसाद पोखेललाई फोकल पर्सनको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

निवेदक गणेश प्रसाद श्रेष्ठ विपक्षि मुक्तिनाथ हस्पिटल एण्ड रिसर्च सेन्टर भएको घरभाडा दिलाई पाँउ भन्ने मुद्धाको निर्णय कार्यान्वयनको लागि न्यायिक समितिबाट पेश हुन आएको निवेदन सम्वन्धमा दुवै पक्षलाई नगरप्रमुखले समन्वय गरी फैसला कार्यान्वयनको वातावरण सृजनाको लागि पहल गर्ने र उक्त पहलबाट फैसला कार्यान्वयन हुन नसक्ने अवस्था आएमा न्यायिक कार्य सम्पादन कार्यविधि ऐन २०७५ को दफा ७९ बमोजिम मुक्तिनाथ अस्पतालको सम्पत्ति रोक्का राखी दफा ८० बमोजिम लिलामीको प्रकृया अगाडि बढाउने र सो प्रकृयाको लागि यस कार्यालयका अधिकृत श्री काशिराम शर्मालाई अभिलेख प्रशासकको रुपमा समेत काम गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

कार्यालयको सुरक्षा व्यवस्था तथा बजार व्यवस्थापनको लागि विद्यमान नगर प्रहरीको जनशक्ति कम भएको कारण आगामी नगरपरिषदबाट अनुमोदन गर्ने गरी प्रहरी नायव निरिक्षक १ (एक) प्रहरी सहायक निरिक्षक १ (एक), प्रहरी हवल्दार १ (एक) र जवान ३ (तीन) (पुरुष २, महिला १) को दरवन्दी सृजना गरी पदपूर्तिको प्रकृण अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

बागलुङ नगरपालिका कार्यालयमा कार्यरत स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरुले कार्यालयको कामलाई बाधा नपर्ने गरी प्रचलित कानुन बमोजिम परामर्श सेवा लगायतका अन्य सेवाको लागि विभागिय स्वीकृति माग गरेमा कानुन बमोजिमको प्रकृया पुरा गरी प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

बागलुङ नगरपालिका वडा नं. ९ का पूर्व वडा अध्यक्ष श्री गणेश थापा मगरलाई क्यान्सर जस्तो प्राणघातक रोग लागि भारतमा उपचार गराई रहेको कारण निजको उपचारको लागि विपद व्यवस्थापन कोषबाट रु ५०,०००। अक्षरुपी पचास हजार रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस नगरपालिकाको स्वास्थ्य र अल्पकालिन सेवा तर्फ कार्यरत अस्थायी करार कर्मचारीको तलवी मापदण्ड देहाय बमोजिम लागु गर्ने निर्णय गरियो ।

(क) न्युनतम तलव स्केल कार्यालयले तोके बमोजिम हुने ।

(ख) भौगोलिक रुपमा जटिल रहेका स्थान र चौविसै घण्टा डिउटी गर्नु पर्ने देहाय बमोजिमका अवस्थामा अतिरिक्त सुविधा थप गरी तलवमान कायम गर्ने ।

| सि.नं. | अवस्था | अतिरिक्त सुविधा | कैफियत |
|---|---|---|---|
| १ | बा.न.पा. ११ रायडाडा | ५०००। | स्थानीय स्वास्थ्य कर्मी र सो भुगोल छोडेको अवस्थामा उक्त सुविधा आकर्षित नहुने । |
| २ | बा.न.पा. ८ बौडेचौर | ४०००। | |
| ३ | बा.न.पा. ७ तितौरे | ३०००। | |
| ४ | वर्थिङ सेन्टरमा चौविसै घण्टा डिउटी गर्नु पर्ने कर्मचारी | ५०००। | वर्थिङ सेन्टर छोडेको अवस्थामा उक्त सुविधा आकर्षित नहुने । |

(ग) अल्पकालिन सेवामा नाईट डिउटी गर्नु पर्ने कार्यालय सहयोगी कर्मचारीहरुलाई सोही तहका अन्य कार्यालय सहयोगीं भन्दा थप ३०००।- अतिरिक्त रकम जोडेर तलव स्केल कायम गर्ने ।

(घ) उल्लेखित अतिरिक्त सुविधा थप गर्दा नेपाल सरकारको सोही पदको शुरु तलव स्केल भन्दा बढी नहुने गरी करार सम्झौता गर्ने ।

**निर्णय नं. १९**

यस कार्यालयद्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको वडाहरुबाट सिफारिस भै आएका तपशिल बमोजिमका योजनाहरुलाई छनौट गरी कार्यान्वयनको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | योजना तथा कार्यक्रमको नाम | वडा नं. | स्वीकृत बजेट |
|---|---|---|---|
| १. | चापाबोट गोरेटो बाटो निर्माण | ३ | ४०३,२००।- |
| २. | भलाटाकुरा देखि पैरेनी खोलासम्मको गोरेटो बाटो निर्माण | ३ | ४०३,२००।- |
| ३. | तुलसे मध्येपहाडी लोक मार्ग देखि सापकोटा कुलमन्दिर हुँदै उपल्लो पाखाथर पैदल मार्ग निर्माण | ४ | ४०३,२००।- |
| ४. | सन्यासी धारा देखी लमगाँउ जाने बाटो सम्म पैदल मार्ग निर्माण | ४ | ४०३,२००।- |
| ५. | वराहथान, कुवेरधाम, बागगोटे पद मार्ग | ५ | ३,२६,२००।- |
| ६. | सार्यकोट, लामिचौर, जमीनडाँडा हुँदै सिगानाको कोट मन्दिर जोड्ने पदमार्ग | ८ | ३,३६,०००।- |
| ७ | सिगाना मा.वि. पात्ले, ओखरानी हुँदै देउपुजा पखरीडाडा बौडेचौर पदमार्ग | ८ | ३,३६,०००।- |

**निर्णय नं. २०**

कालिगण्डकी नदिको गिटी बालुवाको अवैध उत्खनन् भैरहेको भन्ने जानकारी प्राप्त भएको हुँदा सो सम्वन्धमा आवश्यक अध्ययन गरी अवैध उत्खनन भएको गिटी वालुवा कानुन सम्वत तरिकाले लिलामको प्रकृया अगाडि बढाउन साथै गिटी वालुकाको लागि सम्भावित स्थान पहिचान गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

CamScanner

तपशिल

(१) संयोजक : श्री सनि के.सी. (लक्ष्मण)
(२) सदस्य : श्री जय बहादुर के.सी.
(३) सदस्य : श्री कुमार विक्रम क्षेत्री
(४) सदस्य : श्री तिल बहादर थापा मगर
(५) सदस्य : श्री नारायण शर्मा पौडेल

**निर्णय नं. २१**

यस कार्यालयद्धारा संचालित आपतकालिन कार्यसंचालन केन्द्रमा चौविसै घण्टा डियुटी गर्नु पर्ने सवारी चालक श्री तेजे सार्की र श्री विनायक प्रसाद श्रेष्ठलाई दैनिक १५०। का दरले डियुटी भक्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस कार्यालयद्धारा संचालित उद्यम विकास कार्यक्रमको बार्षिक कार्यक्रम तथा अनुदान रकम घटेर आएको र प्रशासनीक तलव भक्ता तर्फ एक जना कर्मचारीलाई समेत नपुग्ने गरी बजेटको व्यवस्था भएको हुँदा उक्त कार्यक्रममा कार्यरत कर्मचारीहरुलाई कार्यालयका उद्यम संग सम्वन्धीत कामकाज समेत हेर्ने र नपुग रकम यस कार्यालयबाट व्यहोर्ने गरी प्रति कर्मचारी रु २००००। अक्षेरुपी वीस हजार रुपैया मात्र मासीक तलव भक्ता उपलब्ध गराउने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

नेपाल नेत्र ज्योति संघको विधानमा स्थानीय पालिकाको प्रतिनिधि समेत कार्यसमितिको सदस्य रहने गरी व्यवस्था भए बमोजिम नेपाल नेत्र ज्योति संघबाट प्रतिनिधी माग भै आएकोले बागलुङ नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री कुमार विक्रम क्षेत्रीलाई प्रतिनिधी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

नेपाल सरकारबाट मृगौला प्रत्यारोपण गरेको, डायलाइसिस गरिरहेको, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई उपलब्ध गराउने मासीक सुविधा यस कार्यालयको विपद व्यवस्थापन कोषको रकमबाट हाललाई उपलब्ध गराउने र मन्त्रालयबाट शोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

बागलुङ नगरपालिका वडा नं. १ खुदुर्के स्थित ल्याण्डफिल साईटमा फोहर जम्मा भै दैनिक संकलन भएको फोहरमैला डम्प गर्न समस्या परेको हुँदा उक्त फोहरलाई कालाखोलामा लगि खाडल खनि व्यवस्थापन गर्ने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २६**

बजार क्षेत्रको दैनिक फोहरमैला संकलन तथा व्यवस्थापन कार्यमा विहानै देखी ट्रिपर/ट्रयाक्टरमा खटिई काम काज गर्ने कर्मचारीहरुलाई विहानको नास्ता खाना स्वरुप दैनिक रु १५०।- उपलब्ध गराउदै आएकोमा उक्त

CamScanner

रकममा वृद्धी गरी कामकाज गरेको दिनको प्रमाणित हाँजिरीको आधारमा २०८० असोज महिना देखी लागु हुने गरी दैनिक रु २००।- निजहरुको खातामा नै उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २७**

कार्यपालिकाको मिति २०८०/०४/३२ को निर्णयानुसार सव ईन्जिनियर पदको करारमा पदपूर्तिको लागि चार जनाको विज्ञापन गरिएकोमा प्रदेश लोक सेवा आयोगबाट दुई पद स्थायी पूर्ति गर्ने गरी प्रकृया अगाडि बढेको भन्ने जानकारी प्राप्त हुन आएकोले हाललाई दुई पद मात्र करार पदपूर्ति गर्ने गरी प्रकृया अगाडि बढाउन पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निणर्य नं. २८**

यस नगरपालिकामा विभिन्न व्यक्ति तथा संघसंस्थाले विपद तथा अन्य कार्यक्रमको लागि आर्थिक सहयोग माग गरेको हुँदा देहाय बमोजिमका संघसस्था तथा व्यक्तिहरुलाई निम्न बमोजिम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | भुक्तानी माग गर्ने संघ संस्था व्यक्तिको नाम | ठेगाना | प्रयोजन | सहयोग रकम | खर्च शिर्षक |
|---|---|---|---|---|---|
| १ | हर्रेलो मेला | बा.न.पा. १२ | मेला महोत्सव प्रवर्द्धन | १५०,०००।- | अन्य संस्था सहायता |
| २ | भगवती सापकोटा | बा.न.पा. १ | घर भत्केको | १५०,०००।- | वि.व्यवस्थापन कोष |
| ३ | बा.उ.बाणिज्य संघ | बागलुङ | लेखा व्यवस्थापन तालिम | १०००००।- | अन्य संस्था सहायता |
| ४ | खिम बहादुर परियार | | घर भत्केको | ४०,०००।- | वि.व्यवस्थापन कोष |
| ५ | शिव कुमारी के.सी. | बा.न.पा. १२ | आगलागी भई पूर्ण क्षती | ५०,०००।- | वि.व्यवस्थापन कोष |
| ६ | मगर भाषा प्रशिक्षण | बागलुङ | भाषा प्रशिक्षण | १००,०००।- | अन्य संस्था सहायता |
| ७ | नारायण दत्त सापकोटा | बा.न.पा. ६ | घर भत्कीएको | ४०,०००।- | वि.व्यवस्थापन कोष |
| ८ | जमुना कुमारी उपाध्याय | | घर भत्केको | ४०,०००।- | वि.व्यवस्थापन कोष |
| ९ | ज्योति पुञ्ज प्राथमिक | बा.न.पा. ७ | विद्यालय चोरी भएको | ५०,०००।- | वि.व्यवस्थापन कोष |
| १० | नेपाल भाषा मंकाखल (गाईजात्रा) | बागलुङ | (गाई जात्रा लगायतका कार्यक्रम) | ५०,०००।- | अन्य संस्था सहायता |
| ११ | नेपाल भाषा मंकाखल (शाक्य समाज) | बागलुङ | भाषा संस्कृति | २०,०००।- | अन्य संस्था सहायता |
| १२ | नेपाल जेसिस | बागलुङ | क्षेत्र ख सम्मेलन म्याग्दी | ५०,०००।- | अन्य संस्था सहायता |
| १३ | वीर गोर्खाली युवा क्लव | | कन्सर्ट | ५०,०००।- | अन्य संस्था सहायता |
| १४ | धौलागिरी युवा क्लव | बा.न.पा. ११ | | ५०,०००।- | अन्य संस्था सहायता |
| १५ | गुठी युवा क्लव | बा.न.पा. ३ | | ५०,०००।- | अन्य संस्था सहायता |
| १६ | राष्ट्रिय दोहोरी प्रतिष्ठान | बागलुङ | | ४०,०००।- | अन्य संस्था सहायता |
| १७ | सिता पन्त | बा.न.पा. ७, | घर भत्केको | ४०,०००।- | वि.व्यवस्थापन कोष |
| १८ | करवाकेली पुन मगर समाजको भवन निर्माण | बागलुङ | भवन निर्माण | ४,००,०००।- | अन्य संस्था सहायता |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | लोक बहादुर घर्ति | बा.न.पा. ८ | (धन्सार भत्केको कुखुरा र भैसी पुरिएको) | ३०,०००।- | वि.व्यवस्थापन कोष |
| २० | हिरा बहादुर हरिजन | बा.न.पा. १३ | घर भत्कीएको) | २०,०००।- | वि.व्यवस्थापन कोष |
| २१ | भिष्ममणी पाण्डे | | नगरगान | ५०,०००।- | अन्य संस्था सहायता |
| २२ | नारायण ब.बोसेलको बुहारीको उपचार | बा.न.पा. ९ | खर्च अनुमोदन । | २७,०००।- | वि.व्यवस्थापन कोष |
| २३ | राष्ट्रिय उपभोक्ता मञ्च | बागलुङ | उपभोक्ता शिक्षा | ५०,०००।- | अन्य संस्था सहायता |
| २४ | बागलुङ क्रिकेट संघ | बागलुङ | खेलकुद प्रवर्द्धन | १५०,०००।- | अन्य संस्था सहायता |
| २५ | जगन्नाथ सापकोटा | | बाघले कुखुरा खाएको | २५,०००।- | वि.व्यवस्थापन कोष |
| २६ | सुमित्रा कार्की | | घर भत्केको | ५०,०००।- | वि.व्यवस्थापन कोष |
| २७ | जेसिआइ (JCI) बागलुङ | बागलुङ | प्रशिक्षण कक्ष व्यवस्थापन | ३०,०००।- | अन्य संस्था सहायता |
| २८ | देउराली चोक मगर आमा समुह | बा.न.पा. ३ | पञ्चेवाजा खरिद | १५०,००० ।- | अन्य संस्था सहायता |
| २९ | शान्ती आचार्य | बा.न.पा. १२ | कालिज फर्ममा क्षति पुगेको । | २५,०००।- | अन्य संस्था सहायता |

**निणर्य नं. २९**

बागलुङ नगरपालिका र नेवा वीच साझेदारीमा संचालन हुने देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुको लागी बागलुङ नगरपालिकाको आ.व. २०८०/०८१ को योजना तथा बजेट पुस्तीकाको पेज नं. ५४ अनुसुची ६ सि.नं. २ मा उल्लेख भएको **विभिन्न समपुरक अनुदानबाट सञ्चालित योजनाहरुमा लागत साझेदारी तथा सहभागीता** देहाय बमोजिमको रकम साझेदारी गर्ने गरी गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | नगरपालिकाको समपुरक (सहभागिता) रकम | कैफियत |
|---|---|---|---|
| १ | गौडाकोट खानेपानी योजना | १,०२९,६५५।०० | |
| २ | मेहलवोट खानेपानी योजना | २,३२०,४७४।०० | |

CamScanner